केराबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ, कोशी प्रदेश, नेपाल

## आन्तरिक आय संकलन सम्बन्धी ठेक्का आव्हानको सूचना ।

(प्रथम प्रकाशित मितिः २०८३/०३/२२)

यस केराबारी गाउँपालिका अन्तर्गत निम्न लिखित विषयमा आ.व. २०८३/०८४ को आन्तरिक आय संकलन गर्न ठेक्का बन्दोबस्त, गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक फर्म, कम्पनीहरुले तपसिल बमोजिमको सेवा सर्तको अधिनमा रही निम्न लिखित समयावधि भित्र आवेदन गर्नुहुन सूचना प्रकाशित गरिएको छ। राजश्व ठेक्का नं. २ अनलाईन **PPMO** को वेवसाइट **www.bolpatra.gov.np./egp** मार्फत दर्ता गर्नुहुन सम्पुर्णलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

तपशील

| सि. नं | ठेक्का नं | ठेक्का विवरण | न्युनतमठेक्का रकम (मु.अ. कर बाहेक) | फारम दस्तुर (फिर्ता नहुने) | आवेदन दिने मिति र खोल्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 2/Rajaswa/ Kerabari (083/084) | सडक पुर्वाधार उपयोग शुल्क (केराबारी-धरान, मुगु-बाँसबारी, केराबारी-खोर्साने, आमजुङ्गी-विराटचौक, देविझोडा-लालभित्ति, भलुवा-वेलबारी सडक) | ७०,७९,६५०।- | ३,०००।- | ११ श्रावण २०८३ दिनको १२ वजे र खोल्ने सोहि दिनको १ वजे | NCB Online |

विस्तृत सूचना, शर्त र जानकारीको लागी केराबारी गाउँपालिकाको website:www.kerabarimun.gov.np र PPMOको वेवसाइट www.bolpatra.gov.np/egp मा हेर्नुहोला ।थप जानकारीको लागि केराबारी गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला । सम्पर्क नं ०२१-४०३११०

प्रमुख प्रशासकीय अधिकृत

जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# सडक पुर्वाधार उपयोग शुल्क

<u>ठेक्का सम्बन्धि आवश्यक शर्तहरु</u>

१. माथि उल्लेखित ठेक्काबाट कर दस्तुर असूल गर्दा केराबारी गाउँपालिकाले तोकिएको नाकाबाट तोकिएको दरमा मात्र असूल गर्नुपर्नेछ ।

| क्र.सं. | सवारी साधन | इकाई | दर रेट (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | लहरी/जेसिबि/रोलर/ग्रेडर | प्रति पटक | १५० | बिदेशी सवारी साधनको हकमा थप ५० प्रतिशत शुल्क लाग्नेछ। एम्बुलेन्स, दमकल, दुध-पानी-औषधी बोक्ने गाडी र गाउँपालिका क्षेत्र भित्रका शैक्षिक संस्था तथा सरकारी सवारी साधनलाई कर लिन पाइने छैन । |
| २ | हाइवा/फूलबढी ट्रक | प्रति पटक | ११० | |
| ३ | टिफर/ट्रक | प्रति पटक | ७५ | |
| ४ | बस | प्रति दिन | ४० | |
| ५ | ट्याक्टर, पिकअप | प्रति पटक | ३५ | |
| ६ | भाडाका कार जिप भ्यान | प्रति पटक | ३० | |
| ७ | ट्याम्पो, सिटी सफारी | प्रतिदिन | २० | |

२. कर असूली दररेट एवं ठेक्कापट्टाको शर्तहरु बोलपत्र साथ उपलब्ध गराइने छ।

३. ठेक्काको अवधि ठेक्का सम्झौता भएको मिति देखि २०८४ असार मसान्तसम्म हुनेछ ।

४. शिलबन्दि बोलपत्र पेश गर्दा फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा नविकरण, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ। नगद जमानत रकम कबोल गरेको मु.अ.कर सहितको अंकको ५% रकम केराबारी गाउँपालिकाको नाममा रहेको एन.आइ.सी एशिया बैंक केरावारी शाखाको खाता नं ०५६.२०५६५०१४२३००८ स्थानीय तह धरौटी खातामा जम्मा गरी सोको Scan गरि अनलाइन मार्फत भौचर पेश गर्नु पर्नेछ, वैक जमानतको हकमा १२० दिन अवधिको हुनुपर्ने छ जसमा बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।साथै बोलपत्र फारम खरिदको लागी केराबारी गाउँपालिकाको एनआईसि एसिया बैंक केराबारी शाखाको ग.१.१ आन्तरिक राजश्व खाता ०५६२०५६५०१४२३००२ (राजश्व शिर्षक १४२२९, कार्यालय कोड ३०५०१३०१) मा नगद रु ३००० (तिन हजार) जम्मा गरी सोको स्क्यान गरि अनलाइन मार्फत भौचर पेश गर्नु पर्ने छ ।

५. दर्ता भएका बोलपत्र मध्ये अधिकतम मुल्याङ्कित सारभुत रुपमा प्राभावग्राही बोलपत्र छनौट गरिने छ ।

६. ठेक्का स्वीकृत भएको बोलपत्रदाताले संझौता गर्न अगावै ठेक्का रकम मु.अ.कर सहित एकमुष्ठ बुझाउनु पर्नेछ । एकमुष्ट रकम बुझाउदा मु.अ.कर वाहेकको रकममा १०% छुट दिइनेछ ।

७. एकमुष्ट रकम जम्मा गर्न नसकिने भएमा कबोल गरेको मु.अ.कर सहितको रकमको ५० % रकम गाउँपालिकाको सम्बन्धित खातामा जम्मा गरेको सक्कल भौचर र बाकी ५०% रकमको हकमा सो

रकम बराबारको बैंक जमानत सहित सम्झौता गर्न आउनुपर्नेछ । बैंक जमानत सम्झौता अन्त्य हुने मितिवाट थप ३० दिनको पेश गर्नुपर्नेछ ।

८. बाँकी रहेको (कबोल गरेको मु.अ.कर सहितको रकमको ५०% रकम २०८३ चैत्र मसान्त भित्रमा केराबारी गाउँपालिकाको नाममा रहेको सम्बन्धीत खातामा जम्मा गर्नुपर्नेछ । अन्यथा बैंक जमानत जफत गर्नका लागि प्रक्रिया अगाडी बढाइनेछ ।

९. बोलपत्र स्वीकृत भएको १५ दिन भित्र संझौता गरी सक्नुपर्नेछ अन्यथा नियमानुसार हुनेछ।

१०. बोलपत्रदाताले नेपाल सरकार तथा केराबारी गाउँपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस गाउँपालिका र बोलपत्रदाता बीच ठेक्काको विषयमा विवाद भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

११. केराबारी गाउँपालिकालाई बुझाउनु बाँकी रहेका तथा कालो सूचिमा परेकाहरुको हकमा कानुन बमोजिम हुनेछ । यस्ता फर्म/कम्पनीलाई मुल्याङ्कनमा समावेश गरिने छैन ।

१२. ठेक्काबोल गर्ने बोलपत्रदाताले केराबारी गाउँपालिकाले तोकि दिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफैले छपाई गरी गाउँपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ ।प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा कारवाही प्रकृया अगाडी वढाइनेछ ।

१३. वन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।

१४. एक फर्म वा कम्पनीको नामबाट खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीको नाममा दाखिला गर्न पाईने छैन ।

१५. यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

१६. एम्बुलेन्स, दमकल, दुध-पानी-औषधि बोक्ने गाडी र शैक्षिक संस्था तथा सरकारी सवारी साधनलाई शुल्क लिन पाइने छैन ।

१७. कर असूलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ बोर्ड बोलपत्रदाताले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरी अनिवार्य रुपमा राख्नुपर्नेछ ।

१८. कुनै सर्त सहितको बोलपत्र स्वीकृत हुने छैन ।

१९. यस केराबारी गाउँपालिकाले तोकेको दर भन्दा बढी रकम असूल गरेमा वा संझौतामा उल्लेखित भए बाहेकका सवारी साधनमा शुल्क असुल गरेमा वा दोहोरो हुने गरी शुल्कअसुल गरेमा कार्यपालिकाको निर्णय वमोजिमकारवाही गरिनेछ।

२०. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत